नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ६५५

मिति : २०७६/०३/०४

विषयः लैङ्गिक हिंसा विरुद्धको अभियान बर्ष मनाउने सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं.१५३क मिति २०७६/०२/१९ को लैङ्गिक हिंसा विरुद्धको अभियान बर्ष मनाउने सम्बन्धीको प्राप्त पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई सोही अनुसार गर्ने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

(केशवराज पोर्धे)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वेभसाइटमा अपलोड गर्नु हुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(लैङ्गिक हिंसा निवारण शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@gmail.com
URL : www.mowcsw.gov.np

पत्र संख्या :- ०७५।७६(लै.हि.नि.)
च.नं. :- १५३ क

मिति :-२०७६/०२/१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
सिंहदरवार, काठमाडौं ।

स्थानीय तह समन्वय शाखा, 2।29

**विषय :-लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष मनाउने सम्बन्धमा ।**

तत्कालीन प्रतिनिधि सभाका सदस्य (हाल सम्माननीय राष्ट्रपति) श्रीमती विद्यादेवी भण्डारीज्यूले महिलाहरुको अधिकारसँग सम्बन्धित विषयमा **आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, विभेदकारी कानुनको खारेजी गर्न, महिला प्रति हुने गरेका हिंसाको अन्त्य गर्न** पेश गर्नु भएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव मिति २०६३ साल जेठ १६ गते तत्कालीन प्रतिनिधि सभाबाट सर्वसम्मतिले पारित भएको थियो । प्रत्येक वर्ष उक्त ऐतिहासिक दिन जेठ १६ गतेलाई "राष्ट्रिय महिला अधिकार दिवस" मनाउने र वर्ष २०७६ लाई "लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष" को रुपमा संघ, प्रदेश र स्थानीय तहमा मनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०२/०६ मा निर्णय भएको छ । त्यसैगरी वर्ष २०७६ को जेठ १६ गते "लैङ्गिक विभेदको अन्त्य: समृद्ध नेपालको गन्तव्य" नारा सहित भव्य रुपमा प्रथम राष्ट्रिय महिला अधिकार दिवस मनाइएको व्यहोरा विदितै छ । उल्लिखित निर्णय अनुरुप २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान संचालन गर्न सबै स्थानीय तहहरुले आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम र वार्षिक बजेटमा कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्ने व्यवस्थाका लागि समन्वय गरिदिन हुन अनुरोध छ ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- १००८
मिति:- 2।29

(रुद्रादेवी शर्मा)
सह सचिव

बोधार्थ,
सबै स्थानीय तहहरु

श्री [illegible]
०७६।२।२९